नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हौपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

# नौगाड गाउँपालिका

## स्थानीय राजपत्र

**खण्डः ४ संख्याः ६५ मितिः २०८२।०५।०२**

भाग — २

## एम्बुलेन्स सेवा व्यवस्थापन तथा सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८२

पहिलो संशोधन मितिः२०८२।०३।२०
कार्यपालिकाबाट पारित मितिः २०८२।०३।२०
प्रमाणीकरण मितिः २०८२।०३।२०
स्थानीय राजपत्रमा प्रकाशन मितिः २०८२।०५।०२

**प्रस्तावनाः** नौगाड गाउँपालिकाले आ.ब. २०८०/०८१ मा स्वास्थ्य क्षेत्रमा लिएको नीति अन्तर्गत "गाउँपालिकामा कोही पनि नागरिकहरुलाई अकालमा ज्यान गुमाउने अवस्था आउन नदिन एम्बुलेन्सको ब्यवस्था गरिनेछ" भन्ने नीतिलाई पूर्ण रुपमा कार्यान्वयन गर्न भौगोलिक बिकटता, सुविधासम्पन्न अस्पतालको अभाव, कमजोर आर्थिक अवस्थाको कारण खासगरी गर्भवती,सुत्केरी, अपाङ्ग, एकल महिला, बृद्ध,बृद्धा वा कुनै पनि नागरिकको अकालमै ज्यान गुमाउने अवस्था आउन नदिन नागरिकहरुलाई एम्बुलेन्स मार्फत उच्च स्तरका स्वास्थ्य उपचार केन्द्रहरुमा थप आवश्यक उपचारार्थ प्रेषणको लागि एम्बुलेन्सको व्यवस्था गरी पारदर्शी, सरल, भरपर्दो र ब्यवस्थित सेवा सञ्चालन गर्न वान्छनिय भएकाले नौगाड गाउँपालिका गाउँकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

नौगाड गाउँपालिका



प्रमुख प्रशासकीय अधिकृत

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम "एम्बुलेन्स सेवा व्यवस्थापन तथा सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८०" रहेको छ ।

ख) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-**

क) "एम्बुलेन्स" भन्नाले बिरामी ओसार्न स्वीकृति प्राप्त गरेको वाहन सम्झनु पर्छ ।

ख) "एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ ।

ग) "गाउँपालिका" भन्नाले नौगाड गाउँपालिकालाई सम्झनु पर्छ ।

घ) "सेवा शुल्क" भन्नाले एम्बुलेन्स प्रयोग गरे बापत सेवाग्राहीले बुझाउनु पर्ने गरी कार्यपालिकाले तोकेको समितिले तोकेको शुल्क सम्झनु पर्छ ।

ङ) "समिति" भन्नाले दफा ३ बमोजिम गठित एम्बुलेन्स सेवा ब्यवस्थापन तथा सञ्चालन समिति सम्झनु पर्छ ।

च) "पदपूर्ती समिति" भन्नाले दफा ६ को उपदफा ३ बमोजिम गठित समितिलाई सम्झनु पर्छ ।

छ) "सेवा" भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पूर्ण सेवा सम्झनु पर्छ ।

**३. एम्बुलेन्स सेवा ब्यवस्थापन तथा सञ्चालन समितिः** १) एम्बुलेन्सको सेवालाई व्यवस्थित रुपमा सञ्चालन गर्न देहायबमोजिमको "एम्बुलेन्स सेवा ब्यवस्थापन तथा सञ्चालन समिति" रहनेछ ।

| | |
|---|---|
| क) गाउँपालिका अध्यक्ष | - संयोजक |
| ख) गाउँपालिका उपाध्यक्ष | - सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| घ) सामाजिक विकास समितिको संयोजक | - सदस्य |
| ङ) कार्यपालिकाले तोकेको कार्यपालिकाको १ जना महिला सदस्य | - सदस्य |
| च) नेपाल रेडक्रस सोसाईटीको स्थानीय प्रतिनिधि | - सदस्य |
| छ) आधारभूत अस्पताल प्रमुख | - सदस्य |
| ज) स्थानीय प्रहरी चौकी प्रमुख | - सदस्य |
| झ) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख | - सदस्य- सचिव |

२) समितिको कुल सदस्य संख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिको बैठक भत्ता गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

४) समितिको बैठक सम्बन्धि अन्य ब्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

नौगाड गाउँपालिका



प्रमुख प्रशासकीय अधिकृत

**४. समितिको काम कर्तव्य र अधिकारः**

१. समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क) एम्बुलेन्स सेवा पारदर्शि, सरल, भरपर्दो र ब्यवस्थित रुपमा सञ्चालन गरे नगरेको अनुगमन गर्ने ।

ख) चालकले पालन गर्नुपर्ने आचारसंहिता लागु गराउने । यस कार्यविधि अनुसारको आचारसंहिता पालन नगर्ने चालकलाई चेतावनी दिने र आचारसंहिता पालना गर्न लगाउने ।

ग) एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सो को सुनुवाई तथा ब्यवस्थापन गर्ने ।

घ) सरोकारवाला तथा अन्य संघ संस्थाहरु बीच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समीक्षा बैठक गर्ने ।

ङ) गाउँपालिकाको विशिष्टतालाई ध्यानमा राखी एम्बुलेन्स सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड बनाउने ।

च) कार्यपालिकाले निर्धारण गरेको सेवा शुल्कलाई प्रत्येक वर्ष बजार भाउ महंगीको अवस्था, इन्धनको दररेट लगायत निश्चित मापदण्डको आधारमा पुनरावलोकन गर्न कार्यपालिका समक्ष सिफारिस गर्ने ।

छ) चालकले सेवा शुल्क लिई बैंक खातामा दालिखा गरे नगरेको समय समयमा निरीक्षण गर्ने ।

ज) एम्बुलेन्सको सेवा शुल्क र बिरामी पक्षले गर्न हुने र नहुने कुराहरुको जानकारीमूलक सूचना गाडीको भित्री भागमा देखिने गरी राखे/ नराखेको निरीक्षण गर्ने ।

झ) समितिको अन्य काम,कर्तव्य र अधिकार यसै कार्यविधिमा अन्यत्र तोकिए बमोजिम हुनेछ ।

(२) समितिको सदस्य-सचिवले सेवा प्रवाहको स्थितिको त्रैमासिक विवरण गाउँकार्यपालिकमा पेश गर्नु पर्नेछ । साथै बार्षिक अद्यावधिक विवरण प्रत्येक वर्षको श्रावणको पहिलो कार्यपालिका बैठकमा पेश गर्नु पर्नेछ ।

*(३) नौगाड गाउँपालिका भित्र आर्थिक रुपले अति विपन्न र विरामी बोकेर लैजादा बाटोमानै मृत्यु भएमा समितिको सिफारिस बमोजिम राजश्व मिनाहा गर्न सकिने ।

**५. सेवा शुल्क सम्बन्धी ब्यवस्थाः**

१. एम्बुलेन्स सेवा प्रयोग गरेबाफत सम्बन्धित सेवाग्राहीले कार्यपालिकाले निर्धारण गरे बमोजिमको रकम सेवा शुल्कको रुपमा बुझाउनु पर्नेछ ।

*(क) नौगाड गाउँपालिकाका स्वास्थ्य संस्थाहरुमा सुत्केरी हुन नसकेका महिलाहरुलाई प्रेषण गर्नुपर्ने अवस्था आएमा र ७० वर्षभन्दा माथिका विपन्न जेष्ठ नागरिक हरुको लागि एम्बुलेन्स सेवा निशुल्क हुनेछ ।

२. एम्बुलेन्स सेवा बापत उठेको रकम जम्मा गर्नको लागि गाउँपालिकाले एक अलगै कोष/खाता संचालन गर्नेछ । स्पष्टिकरणः दफा ५ को उपदफा २ प्रयोजनको लागि अलगै कोष/खाता भन्नाले ग्लोवल आइएमई बैंकमा नौगाड गाउँपालिकाको नाममा रहेको **आन्तरिक राजश्व खाता नौगाड** खाता नं. २६५०४०१००००००७ लाई बुझाउनेछ ।

३. सेवा शुल्क बापत लिइने रकमको असुलीका लागि गाउँपालिकाले नगदी रसिद छपाई उपलब्ध गराउनेछ । नगदी रसिदको अभिलेख/ नियन्त्रण खाता गाउँपालिकामा राखिने छ ।

४. सेवा दिएबापत लिइने शुल्क नगदी रसिद काटी बैंक खातामा जम्मा गर्ने जिम्मेवारी सम्बन्धित चालकको हुनेछ ।

५. कोषको रकम सामान्यतया चालकको तलब भत्ता, इन्धन,एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक सामाग्रीको खरिदमा खर्च गरिनेछ । तर उक्त कोषमा रकम अभाव भएमा गाउँपालिकाको स्वीकृत बार्षिक बजेटबाट भुक्तानी गर्न बाधा पर्ने छैन ।



प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

६. आर्थिक रुपले विपन्न तथा जेष्ठ नागरीकलाई एम्बुलेन्स सेवा ब्यवस्थापन तथा सञ्चालन समितिको निर्णय बमोजिम निजहरुले तिरेको शुल्क पूर्ण वा आंशिक छुट दिई फिर्ता गर्न सकिनेछ ।

**६. एम्बुलेन्स चालक सम्बन्धि व्यवस्थाः** (१) एम्बुलेन्स सेवा सञ्चालनका लागि गाउँपालिकाले एक जना चालक नियुक्ती गर्नेछ ।

(२) चालको योग्यता देहाय बमोजिम हुनेछ ।

- क) सवारी चालक प्रमाण पत्र लिएको
- ख) सवारी चालकको रुपमा न्युनतम एक बर्षको अनुभव प्राप्त गरेको
- ग) कम्तिमा एसइइ वा सो सरह् उर्तिण गरेको
- घ) २१ वर्ष उमेर पुरा भएको
- ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको
- च) धुम्रपान,मध्यपान तथा सुर्तीजन्य पदार्थ सेवन गर्ने बानी नभएको
- छ) आंखा, हात, खुट्टामा कुनै समस्या नभएको (मान्यता प्राप्त अस्पतालबाट प्रमाणित भएको हुनु पर्ने)
- ज) क्यान्सर,डायबिटिज, मुटु तथा फोक्सोको दिर्घरोग नभएको ( मान्यता प्राप्त अस्पतालबाट प्रमाणित भएको हुनु पर्ने)
- झ) उच्च नैतिक चरित्र भएको

स्पष्टिकरण १: मान्यता प्राप्त सरकारी संस्थाबाट प्राथिमिक उपचारको तालिम प्राप्त गरेकोलाई प्राथिमकता दिने । यदि तालिमप्राप्त कुनै पनि ब्यक्तिले आवेदन नदिएमा अन्य योग्यता पुगेको ब्यक्तिबाट नियमानुसार छनोट गरी गाउँपालिकाबाट तालिम दिईनेछ ।

स्पष्टिकरण २: यस उपदफा २ को बुँदा (ग) मा उल्लेखित "कम्तिमा एसइइ वा सो सरह उर्तिण गरेको" भन्ने प्रावधानको सन्दर्भमा नेपाल सरकारले सवारी इजाजतपत्रको लागि एसइइ वा सो सरहको योग्यता लागु गर्नु भन्दा अगाडी जारी भएका इजाजतपत्र धनीहरुको शैक्षिक योग्यतालाई समेत मान्यता दिइनेछ ।

(३) एम्बुलेन्स चालकको नियुक्ती गर्न देहाय बमोजिमको पदपुर्ति समित रहनेछ ।

- क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक
- ख) जिल्ला ट्राफिक प्रहरी कार्यालयको प्रतिनिध एक जना - सदस्य
- ग) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख - सदस्य
- घ) नौगाड प्रहरी चौकी इन्चार्ज - सदस्य
- ङ) यातायात ब्यवस्था कार्यालयको प्रतिनिधि -सदस्य
- च) गाउँपालिकाको कर्मचारी प्रशासन शाखा प्रमुख - सदस्य- सचिव

(४) पदपुर्ति समितिको काम कर्तव्य अधिकार तथा एम्बुलेन्स चालक नियुक्ति प्रकृया देहाय बमोजिम हुनेछ ।

- क) एम्बुलेन्स चालकको नियुक्तिको लागि एक हप्ताको सूचना प्रकाशन गर्ने ।
- ख) म्याद भित्र प्राप्त आवेदन मध्ये दफा ६ को उपदफा २ बमोजिम योग्यता भएका आवेदकहरुको छोटो सूची (Short List) तयार गर्ने ।
- ग) चालक नियुक्तिको लागि लिखित,मौखिक,प्रयोगात्मक र स्वास्थ्य जाँच वा पदपूर्ती समितिको निर्णय बमोजिम हुनेछ ।



प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका

घ) लिखित,मौखिक, प्रयोगात्मक तथा स्वास्थ्य परीक्षाको पुर्णाङ्क, उर्तिणाङ्क र समयावधि प्रचलित कानुन बमोजिम पदपूर्ति समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

ङ) पदपुर्ति समितिले परीक्षा गर्ने प्रयोजनको लागि आवश्यक विषय विशेषज्ञहरुलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सक्नेछ ।

(५) चालकको तलब भत्ता गाउँसभाले निर्धारण गरे बमोजिम हुनेछ । अन्य सेवा सुविधाको सम्बन्धमा सेवा शुल्क वापत उठेको रकम पर्याप्त भएमा र आवश्यकताको आधारमा दफा ३ बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) एम्बुलेन्समा रहने जनशक्तिको प्रतिव्यक्ती रु २ लाख सम्मको दुर्घटना बिमा हुनेछ ।

(७) चालकले अनुसूची १ बमोजिमको आचारसंहिताको दुई प्रतिमा हस्ताक्षर गरी एक प्रति कार्यालयलाई बुझाउनु पर्नेछ र एक प्रति आफुले राख्नु पर्नेछ ।

(८) गाउँपालिकाले प्रत्येक वर्ष एम्बुलेन्स चालको स्वास्थ्य परीक्षण गराउनेछ ।

(९) चालकले एम्बुलेन्स प्रयोगको लगबुक अनुसूची २ बमोजिमको ढाँचामा राख्नु पर्नेछ ।

(१०) यस दफा बमोजिम नियुक्त चालकको करार नविकरण निजको कार्यसम्पादनको मूल्याङ्कन गरी प्रत्येक आर्थिक बर्षको शुरुवातमा गरिनेछ । स्वास्थ्य परीक्षण गर्दा समस्या हुने आचारसंहिता पालना नगर्ने र कमजोर कार्यसम्पादन गर्ने चालकको करार नविकरण हुने छैन ।

(११) यस दफा बमोजिम नियुक्त चालकको तलब भत्ता लगायत अन्य सुविधा यसै कार्यविधीको दफा ५ को उपदफा २ बमोजिमको कोषबाट ब्यहोरिने छ । तर उक्त कोषमा रकम अपुग भएमा गाउँपालिकाको स्वीकृत बार्षिक बजेटबाट भुक्तानी गर्न बाधा पर्ने छैन ।

**७. एम्बुलेन्स रहने स्थान र सो को मर्मत सम्भारः**

१. एम्बुलेन्स नौगाड गाउँपालिका वडा नं. ०३ जामीरमा रहेको आधारभूत अस्पतालको हातामा रहनेछ ।
२. एम्बुलेन्सको नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी चालकको हुनेछ तर मर्मत संभार गर्नु पूर्ब गाउँकार्यपालिकाको कार्यालयबाट मर्मत सम्भार आदेश अनिवार्य रुपमा लिनु पर्नेछ ।

**८. विविध**

१. एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधी विवरण अनुसूची ३ बमोजिम हुनेछ ।
२. एम्बुलेन्समा सवार विरामी र विरामीका आफन्तको दुर्घटना बिमाको दायित्व सेवाग्राही स्वयंको हुनेछ ।
३. यस कार्यविधिमा आवश्यक संशोधन र हेरफेर एम्बुलेन्स सेवा व्यवस्थापन तथा सञ्चालन समितिको सिफारिसमा गाउँकार्यपालिकाले गर्न सक्नेछ ।



प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची-१

### (कार्यविधिको दफा ६ को उपदफा (७) सँग सम्बन्धित)

### एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता

१. नौगाड गाउँपालिकाको एम्बुलेन्स सेवा व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०८० लाई पूर्णतः पालना गर्नु पर्ने,

२. आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा ईमानदारिता र विश्वासनीयता कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,

३. मादक पदार्थ तथा सुर्तिजन्य पदार्थ सेवन गरी एम्बुलेन्स चलाउनु नहुने,

४. बिरामी कुरुवा तथा बिरामी सँग सम्बन्धित सामान बाहेक अन्य सरसामान तथा ब्यक्ति यात्रुहरुलाई ओसारपसार गर्न नहुने,

५. बिरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीको परिवारलाई सधै सम्मानपूर्वक ब्यवहार गरी उच्च स्तरीय सेवा प्रदान गर्नु पर्ने,

६. आफुले लिएको निर्णयहरुमा आफ्नै ब्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनपर्ने ।

७. आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुका साथै आफुमा भएका पेशागत दक्षता सम्बन्धि कुराहरु अरुलाई पनि सिकाउनु पर्ने,

८. कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसको बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नु पर्ने,

९. बिरामीलाई बिच बाटोमा छाड्न नहुने,

१०. आफ्नो कामको सिलसिलामा पाएका कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा बिरामीहरुबाट पाएको जानकारी तेस्रो पक्षलाई भन्न नहुने तथा कानुनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीहरुको सेवामा आवश्यक परेमा त्यस्तो सूचना सम्बन्धित व्यक्तिलेई दिन सक्ने ,

११. एम्बुलेन्स सेवा ब्यवस्थापनमा सहयोग गर्नु पर्ने,

१२. आफुले उचित देखेको बिरामीको गुणस्तरीय सेवामा प्रभाव पार्ने राम्रा पक्षहरुको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने ।

१३. नेपाल सरकारले प्रतिबन्ध लगाएका बस्तुहरु ओसार पसार नगर्ने र प्रचलित कानुनको पालना गर्नुपर्ने ।



प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

## अनुसूची-२
## कार्यविधिको दफा ६ को उपदफा ९ सँग सम्बन्धित
## एम्बुलेन्स सञ्चालन लगबुक

एम्बुलेन्स नं:                                                                 सवारी चालकको नामः

| क्र. सं. | मिति | ठाउँ | | दुरी कि.मि. | | जम्मा दुरी | सेवा शुल्क | इन्धन | बिरामीको नाम | कुरुवाको नाम | ठेगाना | बिरामीको प्रकृति | कुरुवाको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | शुरु | अन्तिम | | | डिजेल | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

तयार गर्ने:
नाम :
पद:
दस्तखत

प्रमाणित गर्ने:
नाम :
पद:
दस्तखत

प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका

अनुसूची -३

(कार्यविधिको दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

"ख" वर्गको (Common life Support (CLS)) एम्बुलेन्समा हुने पर्ने औषधी र उपकरणको विवरण

- First Aid का सामानहरु
- Driver With basic Training in First Aid and emergent medicine.
- Stethoscope
- B.P set
- Torch Light
- Tongue Depressure
- IV Drips
- Cannula and Syringes
- ECG monitor and oxygen monitor
- Intubation set
- Various intubation tubes and laryngeal tubes
- Nebulizer set
- Ambu. bag
- Manual suction set
- Cervical collars
- CPR board
- Oxygen supply
- Automated external defibrillator (AED)
- Delivery sets
- Dressing Sets
- Splints
- Catheterizations sets
- Haemostatic sets
- Others

* पहिलो संशोधन बाट थप गरिएको

आज्ञाले,
पुष्कर सिह धामी
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत